Coronavirus CivActs Campaign presents

# FAIR FACTS

CIVIC ACTION TEAMS

अंक
१२२
१२ I०६ I२०७८



काभ्रेको मण्डनदेउपुर नगरपालिका वडा नं ११ मा सामुहिक खेतीका लागि बीउ तयार पार्दै कृषकहरु।

*तस्विर: केशवराज पौडेल*




२०७८ साल असोज ४ गते देखी १४ गते सम्म भेरोसेलको पहिलो मात्रा र कार्तिक ४ गते देखी १४ गते सम्म दोस्रो मात्रा खोप लगाईदै ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**अहिले जतातै सेतो पुतलीको आतंक छ । वास्तवमा यसले के गर्छ ?**

सेतो पुतलीलाई दृष्टिनाशक शापु रोगको कारक मानिएको छ ।

**विदेशमा त १२ देखी १८ वर्ष उमेर समुहका बालबालिकालाई खोप दिन शुरु गरिसक्यो, नेपालमा कहिले लाउने हो ?**

अहिलेको तयारीलाई आधार मान्ने हो भने मंसिर देखी पौष महिना सम्म सो उमेर समुहका बालबालिकालाई खोप लगाउन सकिने छ ।

**के रोजगारीको अन्तिम विकल्प वैदेशिक रोजगारी नै हो ?**


फेरी विदेश नजाने भनेर नेपाल फर्किईन् । तीन वर्ष नेपालमा बस्दा केहि काम नपाएपछि उनलाई फेरी विदेशिनु पर्ने बाध्यता भयो ।

# फ्याक्ट सिट

## दर्ता भएका महिला विरुद्ध हुने हिंसाका स्वरुप मध्ये सबै भन्दा धेरै मनौबैज्ञानीक र आर्थिक उत्पीडन

राष्ट्रिय महिला आयोगको हेल्पलाईन - ११४५ फ्याक्ट सिट

२१ नोभेम्बर, २०१७ - ३० जुन, २०२१



**६,४४२**

मनोबैज्ञानिक उत्पीडन



**३,९९५**

शारीरिक यातना



**३,६२५**

आर्थिक उत्पीडन



**१,६३०**

कानूनी मुद्दा



**८२९**

चरित्र हत्या



**५१७**

यौन हिंसा



**३९२**

बहुबिवाह

माथीको तथ्यांकले राष्ट्रिय महिला आयोगको हेल्पलाईन मार्फत दर्ता भएका उजुरी मध्ये, सबै भन्दा धेरै मनोबैज्ञानिक उत्पीडन र क्रमश: शारीरिक यातना र आर्थिक उत्पीडन रहेकाछन् । यसले लैंगिक हिंसाका स्वरुप मध्ये धेरै जसो हिंसाका घटनाहरु मनोबैज्ञानिक र अहिंस्रक हुन्छन् भन्ने देखाउँछ । बहु बिवाह र शारीरिक हिंसाका घटनाहरु कम दर्ता भएको देखिए पनि महिलाहरु अझै हिंसा विरुद्ध उजुरी दर्ता गर्दा सुरक्षित महसुस गर्दैनन् । यो विषयले हाम्रो समाजमा जरो गाडेर बसेको छ । त्यसैले पनि सरकारले यस विरुद्ध कदम चाल्न जरुरी छ । यसका लागि लैंगिकताको बारेमा परिवारका सदस्यलाई सानै देखी शिक्षा दिनुका साथै, सामाजिक अवधारणा परिवर्तन गर्न पनि जरुरी छ ।

# हल्ला र तथ्य

अहिले जताततै सेतो पुतलीको आतंक छ । वास्तवमा यसले के गर्छ ?

सेतो पुतलीलाई दृष्टिनाशक शापु रोगको कारक मानिएको छ । प्राय भदौ देखी मंसिर महिना सम्म नेपालको मध्य पहाडी भेगमा शापु रोग महामारीको रुपामा देखा पर्दछ । यो रोगको लक्षण देखापरेको २४ देखी ४८ घण्टा सम्म उपचार हुन नपाएमा आँखाको दृष्टि गुम्न सक्ने भनिएको छ । एक्कासी एउटा आँखा रातो हुनु, चिप्रा नलाग्नु, उज्यालोमा हेर्न नसक्नु, आँखाको दृष्टिमा तत्कालै कमी हुनु, आँखा दुख्नु यसका लक्षणहरु हुन् । यसबाट बच्न धेरै उज्यालो बत्ति नबाल्ने, साँझ र राती झ्याल ढोका बन्द गर्ने, सुत्ने कोठामा बत्ति निभाएर वा मधुरो बत्ति बालेर झुल लगाएर मात्र सुत्ने गर्नु पर्दछ ।

Source: https://cutt.ly/lEQKsqx

विदेशमा त १२ देखी १८ वर्ष उमेर समुहका बालबालिकालाई खोप दिन शुरु गरिसक्यो । नेपालमा पनि ल्याउने भनेको थियो । अहिले सम्म केही खबर सुनिदैन त ?

सरकारले १२ देखी वर्ष उमेर समुहका बालबालिका लागि मोडर्ना र फाईजर खोप ल्याउने तयारी गरेको छ । स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, अहिलेको तयारीलाई आधार मान्ने हो भने मंसिर देखी पौष महिना सम्म सो उमेर समुहका बालबालिकालाई खोप लगाउन सकिने छ । सरकारले मोडर्ना ४० लाख मात्रा र फाईजर ६० लाख मात्रा ल्याउने तयारी गरेको छ ।

Source: https://cutt.ly/AEmk604

पर्यटन व्यवसायलाई पुरानै अवस्थामा ल्याउने भनेर सरकारले पर्यटकलाई भिषा दिने भनेको छ । यसको लागि के प्रकृया पुरा गर्नु पर्दछ ?

विदेशी नागरिकहरुले नेपालको लागि पर्यटक भिषा आवेदन गर्दा निम्न उल्लेखीत कागजातहरु पेश गर्नुपर्ने छ :


१. कोभिड-१९ विरुद्धको खोपको मात्रा पुरा गरेको १४ दिन पुरा भएको प्रमाण,
२. हवाई उडानको लागि चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण,
३. नेपालमा होटेल बुक गरेको प्रमाण,
४. www.ccmc.gov.np मा लगइन गरी अनलाइन फारम भरी सो को प्रिन्ट प्रति सहितका कागजात नेपाल स्थीत अध्यागमन प्रवेश बिन्दुमा पेश गर्नु पर्दछ ।

Source: https://www.tourism.gov.np/files/NOTICE%20MANAGER_FILES/

# कोभिड - १९ खोपको ताजा अपडेट

अहिलेसम्म प्राप्त जम्मा खोपको मात्रा **१,७८,००,०००**

| कोभिशिल्ड खोप | भेरोसेल खोप | जोन्सन एण्ड जोन्सन खोप |
|---|---|---|
| ३१,९१,४२० | ५८,००,००० | १५,३४,८५० |



- भारत सरकारबाट अनुदान प्राप्त **११,००,०००**
- भारतबाट खरिद गरिएको **१०,००,०००**
- भुटान **२,३०,०००**
- जापान (कोभ्याक्स सुविधा) **५,१३,४२०**
- कोभ्याक्स सुविधा (गाभी)बाट अनुदान प्राप्त **३,४५,०००**
- चीन सरकारबाट अनुदान प्राप्त **१८,००,०००**
- चीनबाट खरिद खगरिएका **४०,००,०००**
- संयुक्त राज्य अमेरिकाबाट अनुदान प्राप्त **१५,३४,८५०**

**थाहा नभएको : ७२,७३,७३०**


१८ वर्ष माथिको जम्मा जनसंख्या *(खोपको लागि योग्य जनसंख्या)*:
**२,०२,९१,२५४**

हामीले यस अघी प्रस्तुत गरेको भन्दा यस पटक **९.७%** ले बृद्धी

१८ वर्ष उमेर समुह माथि पूर्ण खोप प्राप्त जनसंख्या प्रतिशतमा
**२९.७४%**

१८ वर्ष उमेर समुह माथीको जम्मा जनसंख्यालाई आवश्यक जम्मा खोपको मात्रा
**३,७५,१२,८०८**

## के सरकारले गरेको प्रदेशगत खोपको वितरण वैज्ञानिक छ ? वा हचुवाको भरमा वितरण गरिएको हो ?




मिति: २०७८/०६/०३, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

COCAP

# कुवेतमा रेस्टुरेण्टमा काम गर्ने कामदारको कमीका कारण त्यहाँ काम गरिरहेका कामदारको तलब र काम दुबै बढ्ने




## कतार


कतार रेलले २६ सेप्टेम्बर २०२१ देखि Al Messila M207, Al Doha Al Jadeda M112, Al Doha Al Jadeda M113, Umm Ghuwailina M116, Al Matar Al Qadeem मा मेट्रो लिकं (बस) सेवा पुन: सुचारू गर्ने भएको छ ।

## कुवेत

- बाहिरबाट कामदार ल्याउन नपाउँदा होटल तथा रेस्टुरेण्टमा काम गर्ने कामदारहरुको अभाव भएकोले कम्पनीमा काम गर्ने कामदारहरूको तलब र काम दुबै बढ्ने भएको छ ।

- भारतबाट आउँदै गरेका एक यात्रि १००४ ट्याब्लेट ट्रामाडोल (tramadol - कडा खालको दुखाई कम गर्ने ट्याब्लेट) सहित कुवेत एयर्पोर्टमा पक्राउ परेकाछन् । यसरी औषधीको साथमा यात्रा गर्दा डक्टरको प्रेस्क्रिप्सन सहित मात्र ल्याउन पाईन्छ ।

- तयार भईसकेको सिभिल आईडी लिने बाहेक अन्य कामका लागि PACI जानु पूर्व SahelU वा PACI को वेबसाइट मार्फत अपोईण्ट्मेन्ट लिएर मात्र जानुपर्ने भएकोले पहिल्यै अनुमती लिएर मात्र जानुहोला ।




www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## के रोजगारीको अन्तिम विकल्प वैदेशिक रोजगारी नै हो ?

भागरथी चौधरी धनगढी उप-महानगरपालीकाको वडा नम्बर १२ स्थीत कमैया शिविरमा बस्दछिन् । उनी उमेरले झण्डै ३८ वर्ष पुगिन् । उनका दुई छोरा र एक छोरी छन् । नेपाल सरकारले वि.सं २०५७ सालमा कमैया मुक्तिको घोषणा गऱ्यो । त्यसपछि सरकारले सो शिविरमा मुक्त कमैयाहरुलाई जग्गा उपलब्ध गराएर बसायो । सोही समयदेखि उनी पनि शिविरमा बस्न थालिन् । उनको सानै उमेरमा बिवाह भयो । बिवाह भएको ५ वार्षमै उनका श्रीमानको मृत्यु भयो । श्रीमान हुँदा मजदुरी गरेर परिवार पाल्ने गर्दथे । श्रीमानको मृत्युपछि भने तीन जना छोराछोरी पाल्ने जिम्मेवारी भागिरथीकै काँधमा आयो । साँझ बिहानको छाक टार्न निकै समस्या थियो । कति दिन त उनले भोकभोकै बस्नु पऱ्यो ।

उनको दु:ख नजिकैबाट देखेका एक जना चिनेको दाईले उनलाई रोजगारीका लागि बिदेश जान सल्लाह दिए । अरु विकल्प नदेखेपछि ऋण सापटी गरेर उनी घरेलु कामदारको रुपमा कुवेत गईन । कुवेत पुगेपछि उनको झनै दु:खका दिन शुरु भए । बच्चा हेर्ने भनेर गएकी उनले घरको सबै काम गर्नु पऱ्यो । त्यसमाथी भाषा नबुझ्ने, घर मालिकले गाली गर्ने र पिट्ने समेत गर्न थालेपछि उनलाई झनै गाह्रो भयो । दुई वर्ष काम गर्ने भनेर गएकी उनी ९ महिनामा त्यहाँबाट फर्किन् खोजिन् । कुवेत पठाउने मेनपावर कम्पनिलाई आफु काम गर्न नसक्ने बताईन् । घरमालीकले त्यो थाहा पाएछि उनलाई शरिरमा लगाएको लुगाबाहेक केहिपनि नदिएर त्यँहाबाट निकाली दियो । मेनपावर कम्पनिले फेरी अर्कै घरमा घरेलु काममै लगाई दियो । त्यँहा उनी तीन वर्ष नौ महिना बसेर नेपाल फर्किईन ।

**भागिरथी फेरी विदेश नजाने भनेर नेपाल फर्किएकी थिईन् । तीन वर्ष नेपालमा बस्दा केहि काम नपाएपछि उनलाई फेरी विदेशिनु पर्ने बाध्यता भयो ।**

**उनी फेरि कतार गईन् । दुई वर्ष कतारमा काम गरेर नेपाल फर्किईन । अन्तिम पटक उनी नेपाल फर्केको चार वर्ष भयो । अहिले पनि उनीसँग कुनै रोजगारी छैन । त्यसमाथि उनको स्वास्थ्यमा समस्या देखिएको छ । एक्कासी टाउकोको सबै कपाल झरेको छ । उपचार गराउनका लागि पैसा नभएकाले उनी घरमै बस्नु पर्ने बाध्यता छ ।**



उनि भन्छिन "सबैले क्यान्सर लागेपछि कपाल झर्छ भनेपछि, धनगढीकै एउटा मेडिकलमा गएर जाँच गराए । त्यँहा गएर जाँच गर्दा सबै सामान्य छ भनेर पठायो । राम्रो अस्पतालमा गएर जाँच गर्न पैसा छैन ।" अहिले उनी कसैले सहयोग गर्छ कि भन्ने आशमा बसिरहेकी छिन ।

# भोइसेस आउट लाउड - मेरो कुरा



## सिर्जना वि.क


स्थानीय,
गिरिघाट, सुर्खेत

कोभिडको समयमो गिरिघाटमा वसेको बाढिपिडितहरुको अस्थायी वसोवास भएको ठाँउमा महिला हिंसाका घटनाहरु बढी भए । हामीमाथि निरन्तर दुर्व्यवहारको प्रयास भएपछि हामी दिदिबहिनीहरु मिलेर, वस्तीका पुरुषहरुको सहयोगमा प्रहरी प्रशासनमा पुग्यौं । वस्तीका दिदिबहिनिहरुलाई नराम्रो नजरले हेर्ने क्रम त अझैं रोकिएको छैन, तर प्रहरीको निरन्तर निगरानीले पहिले जस्तो दुर्व्यवहार भएको छैन् । गरिबी झेलिरहेका दिदिवहीनीहरु माथी हुने नराम्रो व्यवहारले हामीलाई झनै निराशा बनाएको छ । ९ वर्ष देखि सडक छेउको टहरामा जीवन विताउनु पर्दाका हाम्रा दुखहरुलाई यस्ता घटनाहरुले झनै बल्झाइरहन्छ ।

कोभिडको जोखिम कम भइसकेको छैन् । खोप कम र जनसंख्या धेरै भएका कारण उपलब्ध खोप वीरेन्द्रनगरको लागि पनि पुग्दैन । त्यसैले हामीले थप खोपका लागि अनुरोध गरेका छौं । कोभिडको जोखिम कम नहुँदै फेरि चाडपर्वको समय शुरु भएको छ । भारत लगायत देशबाट ठूलो संख्यामा कर्णाली प्रदेशमा नागरिकहरु भित्रिने हुनाले हामीले यो समयमा जनचेतनाको लागि प्रचारप्रसार शुरु गरेका छौं । प्रहरी प्रशासनले धेरै भिडभाड हुन नदिन तथा स्वास्थ्य मापदण्ड अपनाउनका लागि अनुरोध गरिरहेकाछन् । हामी यो विषयमा विशेष रणनीति वनाएर नै अगाडी बढ्दैछौं ।

## छविलाल रिजाल

प्रमुख जिल्ला अधिकारी,
सुर्खेत



# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्ने प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्ने कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219